म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ४९ सोमबार, ६ असोज २०८२ ने. सं. ११४५ कौलाथ्व 22 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थानीय सरकारलाई होटल एशोसियशनको सहयोग

हेटौंडा, ५ असोज/होटल एशोसियशन मकवानपुरले हेटौंडा उपमहानगरपालिकालाई २ थान कम्प्युटर, टेबल र प्रिन्टर सहयोग गरेको छ । गत भदौ २४ गते भएको आगजनीबाट हेटौंडा उपमहानगरपालिका सहित विभिन्न वडामा क्षति पुगेका बेला स्थानीय सरकारको साथमा निजीक्षेत्र समेत रहेको भन्दै होटल एशोसियशन मकवानपुरले सहयोग गरेको अध्यक्ष दिलीश जोशीले बताए । उपमहानगरपालिकाले खरिद ऐन अनुसार सरसामान खरिद प्रक्रिया अघि बढाउँदा सर्वसाधारणलाई सेवा प्रवाहमा ढिला हुनसक्ने भएकाले तत्काल सेवा सुरुगर्ने वातावरण तयार गर्ने आफूहरुले स्थानीय सरकारलाई सहयोग गरेको उनले बताए । सहयोग सामग्री बुझ्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले स्थानीय सरकारलाई संकटका बेला सामाजिक संघसंस्थाले देखाएको आत्मियताले काम गर्ने उर्जा बढेको बताइन् । नागरिकका गुनासा सम्बोधन गर्दै अघि बढ्न जनप्रतिनिधि तयार रहेको उनले बताइन् ।

### हेटौंडा औद्योगिक क्षेत्रमा पछिल्लो समय उद्योग थपिने क्रम बढ्दै

# थप दुई उद्योग सञ्चालनको तयारी

साझाकुरा संवाददाता




हेटौंडा, ५ असोज/ हेटौंडा औद्योगिक क्षेत्रमा पछिल्लो समय उद्योग थपिने क्रम बढ्दै गएको छ । यसैक्रममा औद्योगिक क्षेत्रभित्र थप दुई उद्योग सञ्चालनको तयारीमा छन् ।

हिमालय एसीपी बोर्डस् प्रालि (एल्मुनियम बोर्ड बनाउने) र टीका इन्डष्ट्रिज प्रालि (चकलेट उद्योग) केही दिनभित्रै उत्पादन गर्ने औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी रमेशराज नेपालले जानकारी दिए । लामो समयदेखि बन्द रहेका दुईवटा उद्योगको सम्झौता रद्द गरी सोही स्थानमा यी दुईवटा उद्योग सञ्चालनका लागि सम्झौता गरिएको सूचना अधिकारी नेपालले बताए । 'सम्झौता भएलगत्तैबाट उद्योग सञ्चालनको तयारीमा सञ्चालकहरु जुटेका छन्', उनले भने, 'एकदुई साताभित्रै यी उद्योग सञ्चालनमा आउँछ ।'

यसअघि गत वैशाखदेखि लक्की पोलि इन्डष्ट्रिजले प्लाष्टिकका सामान उत्पादन र टोटल प्याकेजिङ प्रालि प्लाष्टिकको बोरा उत्पादन गर्ने उद्योग सञ्चालनमा आएको थियो । गत २०८१ माघदेखि थ्रि स्टार ग्रुपले रङ्गीन तथा सादा कर्कटपाता तथा बाबा मेनिफ्याक्चर प्रालिले टिनका ससाना बाकस उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याएको थियो । नेपालका अनुसार औद्योगिक क्षेत्रमा हाल विभिन्न प्रकारका १३ वटा उद्योग सञ्चालनका लागि निर्माणाधीन अवस्थामा छ । निर्माणाधीन अवस्थामा रहेकामध्ये अधिकांश उद्योग निर्माणको अन्तिमचरणमा रहेको उनको भनाइ छ ।

यस्तै लामो समयदेखि बन्द रहेको सुप्रिम मेटल उद्योगले पनि फलामको काँटी उत्पादन सुरु गरेको सूचना अधिकारी नेपालले बताए । विभिन्न कारणले बन्द रहेका अन्य पाँचवटा उद्योग सञ्चालनका लागि सञ्चालकसँग सम्पर्क एवम् समन्वय भइरहेको उनले बताए । उनका अनुसार बन्द रहेकामध्ये डाइनेष्टी डिष्टलरी, ग्रिन गोल्ड इन्टरनेसनल प्रालि, साउथ एसियन पोलिपाइप प्रालि र बानियाँ मल्टि प्रडक्ट प्रालि पुन: सञ्चालनको तयारी भइरहेको सञ्चालकबाट जानकारी प्राप्त भएको छ ।

अमेरिकी सरकारको आर्थिक सहयोगमा २०२० साल मङ्सिर २० गते स्थापना भएको यो औद्योगिक क्षेत्रभित्र हाल एक सय ४६ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् । कुल तीन हजार २२८ रोपनी क्षेत्रमा फैलिएको यो औद्योगिक क्षेत्रभित्र अहिले खाद्य उद्योग, युनाइटेड ब्रुअरी (पेयपदार्थ), गोर्खा ब्रुअरी कम्पनी, एसियन पेन्ट्स, पशु आहारा दाना उद्योग, कार्टुन उद्योग प्रमुख उद्योगकारुपमा सञ्चालनमा छन् । औद्योगिक क्षेत्र परिसरमा सरकारको स्वामित्वमा रहेको हेटौंडा दुग्ध वितरण आयोजना, प्रदेश खाद्य तथा गुणनियन्त्रण कार्यालय, प्रदेश बीउबिजन कम्पनी, प्रदेश माटो परीक्षण प्रयोगशाला, इलाका प्रहरी कार्यालय र नेपाल बैंक लिमिटेड शाखालगायत निकाय सञ्चालनमा रहँदै आएको सूचना अधिकारी नेपालले बताए ।

कुल क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार १७८ रोपनी, खाली जमिन २६ दशमलव ५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकासलगायत संरचना निमार्ण क्षेत्रफल पाँच सय ९७ रोपनी छ । औद्योगिकिकरणको माध्यमबाट मुलुकको आर्थिक विकासका लागि आवश्यक पर्ने आधारभूत पूर्वाधार जमिन, औद्योगिक भवन, सडक, विद्युत, पानी, ढल तथा अन्य सुविधाहरु एकै स्थानमा उपलब्ध गराउने उद्देश्य राखी अमेरिकी सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा औद्योगिक क्षेत्र निर्माण सुरु गरी बि.स.२०२० मंसिर २० गते हेटौंडा औद्योगिक क्षेत्र स्थापना भएको हो ।

यो औद्योगिक क्षेत्र मुलुकको सबैभन्दा ठुलो व्यापारिक नाका बीरगञ्ज र राजधानी काठमाडौंको मध्यभागमा अवस्थित मकवानपुरको त्रिभुवन राजपथ र पूर्वपश्चिम लोकमार्गसंगै जोडिएको तथा दक्षिणतर्फको चुरे वनक्षेत्रको काखमा रहेको छ । प्रारम्भिक अवस्थामा यस औद्योगिक क्षेत्र परि योजनाका रुपमा नेपाल औद्योगिक विकास निगम अन्तर्गत संचालित रहेकोमा वि.स. २०३१ सालदेखि विकास समितिअन्तर्गत गठित औद्योगिक सेवा केन्द्र र वि.स. २०४५ साउन १ देखि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत रही उद्योगहरुलाई सेवा प्रदान गर्दै आएको छ । यस औद्योगिक क्षेत्रमा विशेष गरी ठुला तथा मझौला र वहुराष्ट्रिय लगानीमा स्थापित उद्योगहरु संचालन हुँदै आएका छन् ।

# १८ सय बढी बीमा सर्भेयर फिल्डमा खटिए

साझाकुरा संवाददाता




हेटौंडा, ५ असोज/ जेनजी आन्दोलनको क्षतिमा करिव २१ अर्ब रुपैयाँ बराबरको प्रारम्भिक बीमादावी परेको छ । बीमादावी भदौ ३१ गतेसम्मको हो । देशभरका प्रहरीका कार्यालय जलाइएको अवस्थामा बीमादावी भुक्तानी प्रक्रियामा पुलिस रिपोर्ट तयार गर्न कठीनाइ भएको सर्भेयरहरुले बताएका छन् ।

नियामक निकाय नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीलाई सक्दो चाँडो क्षतिको विवरण संकलन गरेर दावी प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको छ । निर्जीवन बीमा कम्पनीहरुले निर्देशनअनुसार दावीप्रक्रिया अघि बढाएका छन् । निर्जीवन बीमा कम्पनीहरुले आन्दोलनको क्षतिमा सक्दो चाँडो बीमादावी भुक्तानी गर्नका लागि विशेष कर्मचारीको समूहलाई नै फिल्डमा उतारेको छ । कम्पनीले दावी सहजताको लागि सीमित कर्मचारीको सम्पर्क नम्बरसहित विवरण सार्वजनिक गरेको छ ।

बीमा कम्पनीहरुले प्राधिकरणको निर्देशनबमोजिम दावीभुक्तानी सहजताको लागि सर्भेयर लाई निकै व्यस्त बनाएको छ । सर्भेयरलाई कार्यक्षेत्रमा खटाएर क्षतिको रिपोर्ट तयारमा व्यस्त रहेका छन् । जेनजी आन्दोलनले द ओरियण्टल इन्स्योरेन्समा सबैभन्दा बढी बीमादावी परेको छ । कम्पनीमा हिल्टन होटलको बीमा रहेको थियो । जेनजी आन्दोलनमा होटल जलेर ध्वस्त भएपछि ओरियण्टल इन्स्योरेन्समा ठूलो मात्राको प्रारम्भिक बीमादावी परेको छ ।


बीमा सर्भेयर संघ, नेपालका अध्यक्ष मोहनपुरुष ढकालले जेनजी आन्दोलनको क्षतिमा हालसम्म २ हजार दुई सय २५ वटा बीमादावी संकलन गरीरहेको र १८ सयभन्दा बढी सर्भेयर फिल्डमा खटिएको बताए ।

उनले भने, 'नेपाल बीमा प्राधिकरणलाई हामीले सहजीकरणको लागि पहिलो दिनमै पाँचबुँदे माग राखेका थियो । सोही अनुरुप प्राधिकरणले सर्कुलर जारी गर्न नसकेको भएपनि मौखिकरुपमा निकै सहजीकरण गरि दिएको छ । सोहीअनुरुप काम अघि बढीरहेको छ ।' 'नेपालमा सर्भेयर निकै सक्षम छन् । हामीसँग दुई हजार भन्दाबढी सर्भेयर छन् । कम्पनी तथा प्राधिकरणको निकै सहयोग रहेको छ । तर, नेपाल प्रहरीको रिपोर्टमा थोरै समय लागिरहेको मात्र हो । अन्यथा सक्दो चाँडो बीमादावी भुक्तानी गरिने वातावरण छ ।'

नेपाल बीमक संघका अध्यक्ष तथा सिद्धार्थ प्रिमियर इन्स्योरेन्सका सीईओ वीरेन्द्र वैदवारक्षेत्रीले बीमक संघसँग छलफल गरेर दावी भुक्तानी सक्दो चाँडो दिन सुझाव दिएका छन् । उनले क्षति भएका सम्पत्तिधनी तथा बीमितको हकमा कुनै पनि समस्या उत्पन्न नगरी सरलरुपमा बीमादावी भुक्तानी दिन बीमकहरु सक्षम र तयार रहेको धारणा व्यक्त गरेका छन् । आन्दोलनले देशभर क्षति पुऱ्याएको छ । नागरिक तथा व्यवसायीको अर्बौंको सम्पत्ति तहसनहस भएको छ । बीमा गरेका व्यवसायी यतिबेला दावी प्रक्रियामा व्यस्त रहेका छन् ।

# हेटौंडामा हैजा होइन, एरोमोनस संक्रमण पुष्टि

साझाकुरा संवाददाता


Government of Nepal
Ministry of Health & Population
Department of Health Services
National Public Health Laboratory
Teku, Kathmandu
ISO 15189:2012 Accredited Laboratory

Age/Gender: 29/M
Address: Makwanpur, Hetauda sub-metropolitan

DEPARTMENT OF MICROBIOLOGY

| Test Name | Result | Unit | Reference Range | Remarks |
| --- | --- | --- | --- | --- |
| Rapid Identification by MALDI-TOF Surveillance Test | | | | |
| Specimen Method: MALDI-TOF (Biomerieux) | Stool | | | |
| Result Method: MALDI-TOF (Biomerieux) | Aeromonas jandaei Isolated | | | |

** END OF REPORT **

हेटौंडा, ५ असोज/ हेटौंडा उपमहानगरपालिकामा केही दिनअघि हैजाको आशंका गरिएका तीनजना बिरामीमा हैजा नभएको पुष्टि भएको छ ।

परीक्षणका क्रममा उनीहरुमा 'एरोमोनस' नामक ब्याक्टेरियाबाट हुने संक्रमण भेटिएको हो । हेटौंडा-१३ पदमपोखरीका एकै परिवारका दुई पुरुष र हेटौंडा-९ की एक महिलामा भदौ २८ गतेदेखि झाडापखाला, बान्ता, ज्वरो र शरीरमा पानीको कमी जस्ता लक्षण देखिएका थिए । प्रारम्भिक र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) मा हैजा पोजेटिभ देखिएपछि उनीहरुलाई हेटौंडा अस्पतालमा भर्ना गरिएको थियो । तर, थप परीक्षणका लागि चितवन र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौं पठाइएका नमूनाको रिपोर्टमा हैजाको संक्रमण नदेखिएको हेटौंडा अस्पतालकी एमडी माइक्रोबायोलोजिस्ट डा. शान्ति प्रधानले जानकारी दिइन् ।

उनका अनुसार, दिसाको कल्चर परीक्षणमा हैजासँग मिल्दाजुल्दा जीवाणु देखिएपछि थप पुष्टि गर्न पठाइएको नमूनाबाट एरोमोनस संक्रमण प्रमाणित भएको हो । डा. प्रधानका अनुसार, एरोमोनस संक्रमण र हैजाका लक्षणसँग मिल्दाजुल्दा हुन्छन् । यो ब्याक्टेरिया सामान्यतया नदी, ताल, पोखरी जस्ता पानीका स्रोतमा पाइन्छ । दूषित पानी वा खाना सेवन गर्दा यो संक्रमण हुने गर्दछ । यसका लक्षणमा पनि झाडापखाला, पेट दुख्ने, ज्वरो आउने, बान्ता हुने र टाउको दुख्ने रहेका छन् ।

एरोमोनस संक्रमण देखिएका क्षेत्रका पानी परीक्षणका लागि पनि नमूना संकलन गरी भरतपुर र काठमाडौं पठाउने तयारी भइरहेको डाक्टर प्रधानले बताइन् । उपचारपछि तीनै जना बिरामीको अवस्था सामान्य रहेको र उनीहरु घर फर्किसकेको अस्पतालले जनाएको छ । स्वास्थ्यकर्मीहरुले पानी उमालेर पिउन र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिन आग्रह गरेका छन् ।

# तेस्रोचरणमा ३५ खेलाडी छनोट

साझाकुरा संवाददाता



हेटौंडा, ५ असोज/ मकवानपुरको बागमती गाउँपालिकाले पुरुष फुटबल टिम तयार पार्न तेस्रोचरणमा ३५ जना खेलाडी छनोट गरेको छ ।

आइतबार ३५ जना खेलाडीको नामावली सार्वजनिक गर्दै पालिकाले प्रशिक्षणमा सहभागी हुन भनेको हो । शुक्रबारबाट आइतबार सम्म सहिद स्मृति रंगशालामा वडा नम्बर १ देखि ९ सम्मका १५ वर्षदेखि २१ सम्ममा खेलाडी छनोट सुरु गरिएको थियो । ३५ जना खेलाडीलाई प्रशिक्षणमा उपस्थित हुन भनिएको छ । असोज ६ गतेदेखि ८ गतेसम्म सहिद स्मृति रंगशालामा प्रशिक्षण हुने पालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीले बताए । फुटबल प्रशिक्षक मेघराज केसीको नेतृत्वमा खेलाडी छनोट गरिएको हो ।

खेलाडी छनोटको पहिलो दिन ९० जनाभन्दा बढी खेलाडी सहभागी थिए । आइतबारको खेलाडी छनोट कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, बागमती खेलकुद विकास समिति अध्यक्ष रहरसिं थिङ, मकवानपुर जिल्ला फुटबल संघका वरिष्ठउपाध्यक्ष अरुण बल, बागमती खेलकुद विकास समितिका उपाध्यक्ष मुक्ति लामा र सदस्य आकाश लोप्चन लगायतको उपस्थिति थियो ।

आफ्नै लगानीमा रंगशाला तयार पारिसकेको बागमतीले व्यावसायीक रुपमा खेलाडी उत्पादन गर्न एकेडेमी पनि सञ्चालन गर्दैछ । बागमती गाउँपालिकाले खेलकुदमा प्राथमिकता राख्दै आइरहेको छ । केही समयअघि बागमती गाउँपालिका राष्ट्रिय खेलकुद विकास परिषद्को ६२ औं वार्षिकोत्सबमा देशभरकै उत्कृष्ट स्थानीय तहको रुपमा पुरस्कृत भएको थियो । बागमती गाउँपालिकाले अब आठौं संस्करणको राष्ट्रिय बागमती गोल्डकपको तयारी पनि थाल्दैछ ।



साझाकुरा

## हाम्रो कुरा

# मन्त्रालय व्यवस्थापनमा चुनौती

प्रादेशीक संरचना भद्दा र खर्चिलो बनाइएका कारण आमनागरिकलाई प्रदेश खारेज गर्ने विषयमा बहस गर्न सजिलो भएको छ । चुस्त, चिटिक्क, छरितो र कम खर्चिलो मन्त्रालय बनाउने विषयमा राजनीतिक दलमा सहमति हुन सकेको छैन । सबै मन्त्री बन्नुपर्ने अवस्था छ । सात वर्षको अवधिमा करिव सय जना मन्त्री बनिसकेका छन् । नागरिकका काम गर्न भन्दा पनि कमाउनका लागि वा चुनावमा भएको खर्च उठाउनका लागि मन्त्री बन्ने होडबाजी चलिरहेको अवस्था छ । जेनजी पुस्ताले त्यसै आन्दोलन गरेका होइनन् । मुलुकको प्रशासनिक संरचना भद्दा र खर्चिलो भएका कारण देशले आर्जन गरेको आन्तरिक आयको ८५ प्रतिशत चालु खर्चमा गएको र विकासका लागि लिइएको बैदेशिक ऋण पनि भ्रस्टाचार गरेका कारण आन्दोलन भएको हो । जेनजी पुस्ताको आन्दोलन कुनै लहडमा भएको होइन । मुलुकको गति उल्टो चल्न थालेपछि यो पुस्तामा चिन्ता देखिएको हो । आन्दोलनमा जे नहुनु थियो त्यो भयो । तर, फेरिपनि सत्तासिनहरुले आन्दोलनको मर्मबिपरित चल्ने प्रयास गरेको खण्डमा पुन: आँधिबेहरी आउने निश्चित छ ।

आन्दोलनका क्रममा पूर्णक्षति भएको बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई अस्थायीरुपमा सहरी विकास तथा भवन कार्यालयको नयाँ भवनमा सारेर व्यवस्थापन गर्ने काम भएको छ । मन्त्रालयको बैठककक्षका फर्निचर र प्रयोग गर्न सकिने सामानहरु प्रयोग गरेर कार्यालय सञ्चालनमा ल्याइएको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार, आन्दोलनका क्रममा तोडफोड भएको सहरी विकास तथा भवन कार्यालयको नयाँ निर्माणाधीन भवनलाई मर्मत गरी सेवा सञ्चालनमा ल्याइएको हो । हाल मन्त्रालयका लागि आवश्यक कार्यालय व्यवस्थापनको कार्य जारी छ । मन्त्रालयको जल्नबाट बाँकी रहेका फर्निचर तथा कागजातमार्फत् काम भइरहेको छ । कर्मचारीका लागि आवश्यक कक्ष निर्माण भइरहेको छ । मन्त्रालयसहित मातहतका ५ वटा कार्यालयमा तोडफोड र आगजनी भएको जानकारी दिइएको छ । मन्त्रालयसहित पूर्वाधार कार्यालय चितवन, सहरी विकास तथा भवन कार्यालय मकवानपुर, पूर्वाधार विकास कार्यालय ललितपुर र प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना हेटौंडा रहेका छन् । आन्दोलनका क्रममा मन्त्रालय तथा मातहतका कार्यालय अन्तर्गतका ४० वटा दुईपांग्रें सवारी साधनमा क्षति पुगेको छ । ५ वटा चारपांग्रे गाडीमा आगजनी गरिएको छ भने एउटा गाडी तोडफोड गरिएको छ । प्रारम्भिक अनुमानअनुसार, भौतिक पूर्वाधार मन्त्रालयको मात्र करिब ६ करोड रुपैयाँ बराबरको क्षति भएको छ । मन्त्रालयले प्रादेशिक कार्यालयको क्षति विवरण संकलन तथा भवनको मापदण्ड निर्धारणका लागि समिति गठन गरेर काम थालेको छ । मन्त्रालयअन्तर्गतको कार्यालयहरु सदस्य रहने गरी प्रदेशका १३ जिल्लाका प्रादेशिक कार्यालयको क्षति मूल्यांकन तथा मापदण्ड जाँचका लागि समिति गठन गरिएको हो ।

समितिमा विज्ञ समूहका २ जना सदस्य रहने व्यवस्था रहेको छ । प्रदेशमा रहेका स्रोतसाधनको अधिकतम उपभोग गर्ने र अतिआवश्यक अवस्थामा मात्र विज्ञ तथा अन्य स्रोतबाट सहयोग लिने गरी समितिले अध्ययन थालेको बताइएको छ । समितिको सदस्यमा मन्त्रालयको आवास तथा भवन पूर्वाधार महाशाखाका प्रमुख रहने व्यवस्था रहेको छ । समितिले १३ जिल्लाका प्रादेशिक कार्यालयको पूर्वाधारतर्फको क्षति संकलन गरेर भवनहरु बस्न वा प्रयोग गर्न अनुकुल भए नभएको जाँचसहित प्रतिवेदन तयार गर्नेछ । समितिको प्रतिवेदन ७ दिनमा पेश गर्ने गरी निर्देशन गरिएको छ भने प्रतिवेदनका आधारमा प्रदेशको सचिवस्तरीय बैठकले माग गरे अनुसारको प्रतिवेदन तयार गरी पुन: निर्माणका लागि पेश हुनेछ । हेटौंडा-१ स्थित चौकीटोलमा रहेको मन्त्रालय जेनजी युवाको आन्दोलनको क्रममा प्रदर्शनकारीले आगो लगाउँदा जलेर नष्ट भएको थियो । आगलागीका कारण मन्त्रालयको ४ वटा कोठा बाहेक सबै जलेको हो । एउटै भवनमा रहेका ४ मन्त्रालय जलेर नष्ट हुँदा सोही भवनमा साढे २ तलामा रहेको भौतिक मन्त्रालय पनि जलेर नष्ट भएको हो । भुईंतलाको आधार तथा पहिलो र दोस्रो तलामा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयको अधिकांश कोठा र कागजात जलेको छ । यो मन्त्रालयको दक्षिणतर्फको २ र पूर्वतर्फको एक कोठा मात्रा जल्नबाट जोगिएको मन्त्रालयले जनाएको छ । शुक्रबार बसेको मन्त्रीपरिषद् बैठकले जेनजी आन्दोलनबाट पुगेको क्षतिको पुनर्निर्माण र प्रशासनिक सुधारका लागि सरकारले दुईवटा छुट्टाछुट्टै उच्चस्तरीय समिति गठन गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज ७ गते मंगलबार २३ सेप्टेम्बर २०२५ । द्वितीया, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५३ सूर्यास्त ५:५७ । अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# जेन्जी आन्दोलनकारीहरू गम्भीर बन



✍ श्यामप्रसाद मैनाली

केही दिनपहिले साथीहरूबीच कुरा हुन थाल्यो-जेनजी समूहका युवायुवतीहरू आन्दोलनमा उत्रिँदै छन् । मैले झलक्क बङ्गलादेश सम्झन पुगेँ । त्यस देशमा विद्यार्थीहरूले नै आन्दोलन गरी लामो समयदेखि शासनसत्ता अलोकतान्त्रिक र गैरमर्यादित तरिकाबाट सञ्चालन गरी आएकी शेख हसिना बाजेदलाई देश छाडी भाग्न बाध्य बनाए । १५ दिनसम्म चलेको त्यो आन्दोलनले नयाँ सरकार बनायो । तर अपेक्षित गति लिन सकेको छैन । शेख हसिनाले बङ्गलादेशमा बेरोजगारीको अवस्था समाधान गर्ने ठूलो प्रयास गर्दै ३ प्रतिशत मात्र बेरोजगार रहेको अवस्था बनाएकी थिइन् । आरक्षणको विषयमा उनले आफ्नो दम्भ छाडिनन् । सर्वोच्च अदालतले ३० प्रतिशतको स्वतन्त्रताका सेनानीहरूका सन्ततीलाई दिइने आरक्षण ३ प्रतिशतमा झार्ने निर्णय गर्दा आन्दोलनकारीहरुले सहमति जनाएका थिए । तर प्रधानमन्त्री शेख हैसिनाले स्वीकार गरिनन् । देशमा ठूलो धनजनको क्षति भयो । आफ्नै राजनीतिक भविष्य अन्त्य गरिन् ।

यस विषयमा मैले चारवटा लेख लेखेको र राजधानीबाट प्रकाशित हुने दैनिक पत्रिकाहरूमा ती लेखहरूले स्थान पाएका थिए । एउटा लेख थियो 'बङ्गलादेशको घटना नेपालीका लागि पाठ' भन्ने शीर्षकको । तर ब्युँझिएर सुतेको बहाना गर्ने नेपालका तथाकथित शासकहरू र जनप्रतिनिधिहरूलाई यस्तो सुझावले छोएन । देश, लोकतन्त्र र व्यक्ति स्वयं संकटमा पार्ने कार्य यिनैबाट भएको हो । शेख हसिनालाई पनि पछि छाडेर आफैं राष्ट्र भएको घमण्ड यी नेताहरूमा विशेष गरी प्रधानमन्त्री केपीजीमा देखियो । परिणाम हामी सबैका सामु स्पष्ट छ ।

**अन्तरिम सरकार गठनका लागि केही प्राविधिक कठिनाइ :**

देश अराजकतातर्फ उन्मुख हुँदै छ । अप्रिय घटनाहरू घटिराखेका छन् । देशले निकास लिन कठिन भइराखेको छ । सरकारको नेतृत्व गर्न नेपाली नागरिकहरूले अघि सारेका नामहरूलाई संसद् विघटन नगरी नयाँ सरकारमा नेतृत्व प्रदान गराउन संविधानले अनुमति नदिने हुँदा परिस्थिति कठिन बनेको थियो । संविधान निलम्बन गर्ने प्रावधान पनि संविधानमा छैन । संविधान अनुकूल नयाँ सरकार बन्न एक विकल्प थियो, त्यो हो वर्तमान प्रतिनिधिसभामा रहेका सम्पूर्ण सांसदहरूको राजीनामा । यो पनि सम्भव देखिएन । यस अवस्थामा नयाँ अन्तरिम सरकार कसरी बनाउने भन्ने कठिन अवस्था सिर्जना भयो । संविधानले स्वीकार गरेको राष्ट्रपति मात्र कायम छन् । यस अवस्थामा सेना प्रमुखले अन्तरिम सरकार गठन गरी स्थिति नियन्त्रणमा लिन गर्नुभएको कदम स्वागतयोग्य छ । तर सेना प्रमुख र राष्ट्रपति दुवैको समझदारी र समन्वयमा अब कानुनी विज्ञहरु र सर्वोच्च अदालतले संवैधानिक अवरोधको निकासाका लागि सहयोग गर्नुपर्ने अवस्था पनि छ । अन्तरिम सरकारका प्रधानमन्त्रीसहित केही अन्य मन्त्री बनाएर यो प्राविधिक कठिनाइको समाधान पनि निकालिसकिएको छ ।

जेन्जीका भाइबहिनीहरूले अत्यन्त महत्वपूर्ण योगदान गरी आफ्नो जीवन उत्सर्ग गरे । यी कलिला विद्यार्थीबाट आन्दोलन हुन सक्ला के भन्ने आशंका थियो, तर सफलताका साथ भयो । त्यसमा पनि यो आन्दोलन अत्यन्त राजनीतिक आश्चर्य दिने प्रकारले भयो । दुई दिनमा आन्दोलन सफल भयो । अब राष्ट्रलाई निकास दिने कार्यका लागि धेरै समय लाग्ने अवस्था बन्ने स्थिति छ । आन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै आन्दोलनकारीहरूले राखेका अत्यन्त राम्रा एजेन्डाहरूको प्रत्याभूति गर्नु जरुरी छ । यसमा समझदारी गरिनुहुन्न ।

दुर्गामी सोचका अभावमा अघि बढ्दै गर्दा यी कलिला दिमागले आफ्नै प्रकारले निर्णय लिन चाहने अवस्था बन्दछ । उनीहरूमा समझदारी र ठण्डा दिमागले छलफल गर्नुभन्दा पनि आफ्नो अन्तरात्माले जे देख्छ सोही हुनुपर्छ भन्ने आफ्नै अडानमा दृढ रहने प्रवृत्ति देखिन्छ । ऊर्जावान् युवाहरूमा देखिने यो मौलिक चरित्र हो । यसलाई नि:स्वार्थ, आदर्श र राष्ट्रप्रेमी व्यक्तिले नेतृत्व प्रदान गर्न सक्नुपर्दछ । यस्तो निर्विकल्प सर्वस्वीकार्य व्यक्ति को हो ? यहीँनेर कठिनाइ भएको थियो । यही कठिनाइका कारण जेन्जी समूहभित्रै द्वन्द्वको अवस्था सिर्जना भइराखेको पनि देखियो ।

तर त्यो अवस्थाबाट राष्ट्रले उन्मुक्ति पाएको छ । हालसम्म नेपालमा भएका राजनीतिक आन्दोलनहरूमा भूराजनीतिबाट प्रभावित हुने गर्दथ्यो । यो मात्र नेपालको राजनीतिक इतिहासमा प्रथम अर्गानिक आन्दोलन बनेको छ । यो आन्दोलनमा युवाहरूको निरास, कुण्ठा, आक्रोश सबैलाई सडकमा स्वत:स्फुर्त हिसाबले ल्याइपुऱ्याएको छ । अभिमानको घडा भरिएको शासकले आफ्नै सन्ततिहरूप्रति अत्यन्त निर्मम व्यवहार प्रदर्शन गरेको छ । एकै दिन थुप्रै आफ्ना नातिनातिनाहरुलाई हत्या गरेको छ । शासकको निर्मम व्यवहारको परिणति घमण्डको घडा फुटेको छ । सबै तानाशाहहरुको चित्कार शुरु भएको छ । विश्वमै यो उमेरका विद्यार्थीले दुई दिनमै सत्तापलट गरेको र व्यवस्थामै परिवर्तन उन्मुख भएको घटना पहिलो हो । यस अर्थमा यो आन्दोलन विश्व इतिहासमा अंकित हुनेछ ।

जेन्जीको बलिदानीबाट नयाँ सरकार गठन भएको छ । नयाँ सरकार विशुद्ध जेन्जीको समर्थनमा बनेको हो । यस सरकारबाट हुने सम्पूर्ण कार्यको जवाफदेहिता र जिम्मेवारी जेन्जी समूहले नै लिनुपर्दछ । तसर्थ नयाँ सरकारलाई ठीक दिशामा अभिमुख गराउने जिम्मेवारी कलिला भाइबहिनीहरूको हातमा आएको छ । विकराल अवस्था कसरी सिर्जना भयो ? पञ्चायती कालरात्रिलाई २०४६ सालको आन्दोलनले बिदा गरेपश्चात् सुशासनको प्रारम्भ गर्न सक्नुपर्दथ्यो । तर यसबाट सरकारहरू विमुख हुँदै गए, भ्रष्टाचारको प्रारम्भ हुन पुग्यो । कुशासनलाई शासन सत्ताले आत्मसात् गर्दै गयो । १० बर्से द्वन्द्वकालले देशलाई थिलथिलो बनायो । ६३ सालको आन्दोलनले देश गणतन्त्र र संघीय शासन प्रणालीमा प्रवेश गऱ्यो । निर्वाचनमा दुई-दुई क्षेत्रबाट पराजित भएकालाई प्रधानमन्त्री बनाइयो । जनताका नजरमा स्पष्टरुपमा दुई प्रकारका कानुनहरू देशमा देखिँदै गए ।

शासनसत्तामा रहेका ठूला तीन दलहरूका लागि छुट्टै कानुन भएसरह राज्यले व्यवहार गर्दै गयो । राज्यका तीनै अंगहरूको प्रमुख एकै व्यक्ति बनाउने गैरलोकतान्त्रिक भूल बहुदलवादी नेताहरूले गर्दै गए । विशेष गरी राष्ट्रिय स्तरमा अस्तित्वमा देखिएका तीनवटा ठूला दलहरु राजनीतिक आस्था र सिद्धान्तका हिसाबले पृथक छन् । यी तीनवटै दल अतिवादी कम्युनिस्ट, संसद्वादी कम्युनिस्ट र लोकतन्त्रवादी खेमामा विभक्त छन् । यिनीहरूको विधान, आदर्श र सिद्धान्तले यही कुरा स्पष्ट गर्दछ । जनता आफ्नो आदर्श र सिद्धान्त अनुरुप दलहरुलाई मतदान गर्दै आएका थिए ।

सत्तालिप्साका कारण यी सिद्धान्त र आदर्शहरूमा हदैसम्मको समझदारी गर्दै गए । आदर्श र सिद्धान्तका आधारमा आफ्ना धारणा बनाउनेहरू, निर्णय लिनेहरु दलको कारबाहीको निशानामा पर्दै गए । यथार्थमा कम्युनिस्टहरु कम्युनिस्ट रहेनन् । लोकतन्त्रवादीहरुले आफ्नो निष्ठा र सिद्धान्तलाई तिलाञ्जलि दिन पुगे । नातावाद र कृपावाद अत्यन्त ज्यादा देखियो । आत्मरतिमा रमाइराखेका शिर्षस्थहरुले आफ्ना अवसरवादी अन्धभक्तहरूलाई मात्र योग्य देख्ने प्रवृत्ति बढ्दै गयो । उनीहरुलाई सबै प्रकारका कुकृत्यहरू र अपराधहरु गर्ने स्वतन्त्रता व्यवहारमा प्रदान गर्दै गए ।

स्वार्थको संघर्ष हुने अवस्था सिर्जना गर्दै जिम्मेवारी दिने कार्यलाई दैनिकीका रुपमा स्वीकार गर्दै गए । भ्रष्टाचार संस्थागत बन्यो । राष्ट्रले ऋण लिएर साधारण खर्च चलाउने अवस्था सिर्जना भयो । अत्यन्त न्यून पुँजीगत खर्च हुन थाल्यो । यसबाट देशको अर्थतन्त्र अत्यन्त दयनीय बन्दै गयो । देशमा रोजगारी नपाएर आफ्ना वृद्ध मातापिता, नवविवाहित श्रीमती, कलिला बालबच्चा छाडेर ५२ डिग्रीको तापक्रममा पुगी केही रकम जोहो गर्नेहरुले पठाएको विप्रेषणले देशको अर्थतन्त्रलाई केही हदसम्म चलायमान बनाएको छ ।

तिनै होनहार युवाहरू विदेश जाँदा आफ्नो घरखेत समाप्त गरेर सार्वजनिक जिम्मेवारीमा रहेकाहरुलाई घुस दिँदै विदेश प्रस्थान गर्नुपरेको छ । कतिपयको विदेशबाट लास मात्रै आइपुगेको छ । चेलीबेटीहरूले आफ्नो अस्मिता गुमाउनुपरेको छ । जनताका प्रतिनिधिका नाममा कर्मचारीसरह सेवा-सुविधा लिने क्रम बढिराखेको छ । यो खर्च थेग्न राष्ट्रलाई अत्यन्त कठिन भएको छ । सबैभन्दा ठूलो समस्या र विकृति भनेकै व्याप्त भ्रष्टाचार हो । जघन्य भ्रष्टाचारबाट देश जर्जर भएको छ । अर्थतन्त्र चौपट्ट भएको छ । आफ्ना समूहका दलका कार्यकर्ताहरू र नातागोताहरुलाई सबै प्रकारका अपराधबाट उन्मुक्ति दिने एकल सोच लोकतन्त्रका सेनानीहरूमा देखियो । सत्ताको उन्मादले दिग्भ्रमित बने । यसैको परिणति ठूलो आन्दोलन हुने सुनिश्चित थियो । यसलाई पनि शासकहरूले नजरअन्दाज गर्दै गए । स्वतन्त्र बुद्धिजीवीहरुले दिएका सुझावहरु, बौद्धिक खुराकहरु यिनीहरूका दृष्टिमा हसीमजाकका विषयहरु बने ।

पञ्चायतकालमा सबै पञ्च नेपाली सबै नेपाली पञ्च भन्दै तत्कालीन राजतन्त्र र महापञ्चहरूले शासन गरेका थिए । ४६ सालपश्चात्का नेतृत्व पंक्तिहरूमा रहनेहरूले पञ्चायती काललाई विस्मरण गराए । महापञ्चहरूलाई नै नेता मान्नेदेखि लिएर उनीहरूको साख जनमानसमा गिर्दै जाँदा तिनै महापञ्चहरू अहिले लोकतन्त्रका हिमायती, लामो त्याग र तपस्या गरेका दलका नेताहरु, कार्यकर्ताहरुभन्दा जनताका नजरमा स्वीकार्य बन्दै आएका छन् । यो उनीहरूको कुकर्मको परिणति हो । अब यी शासकहरूको आलोचना गरेर कुनै अर्थ छैन । देशका जल्दाबल्दा समस्याहरू समाधान गर्दै अघि बढ्नुपर्ने स्थिति छ ।

**आन्दोलनकारी भाइबहिनीहरूलाई सुझाव :**

आन्दोलन सफल भयो । नयाँ सरकार गठन भयो । आधा समय बाँकी बसेको संसद् विघटन भयो । पालैपालो शासन सत्तामा रहने र देशलाई जर्जर बनाउने विकृति र विसंगतिका प्रतिमूर्तिहरू अघोषितरुपमा नेपाली सेनाको हिरासतमा बसेका छन् । बाहिर छाडिदिँदा उनीहरूको भौतिक अस्तित्वकै संकट आउने अवस्था छ । यति भनिरहँदा राणाकालदेखि नेपाली जनतालाई स्वतन्त्र बनाउन, लोकतन्त्र प्रदान गर्न, देशलाई सार्वभौम बनाउन भगिरथ तपस्या गरेका आदर्श सिद्धान्तनिष्ठ कार्यकर्ताहरु यी दलहरुमा अझै खचाखच छन् । उनीहरुलाई आफ्ना तथाकथित नेताहरूको व्यवहार र शासकीय शैलीप्रति घृणा छ । जनताले त्यस्ता छिपेका पात्रहरूलाई राम्ररी पहिचान गरेका छन् । त्यसैले अब आउँदा दिनहरूमा शासन सञ्चालन गर्दा अत्यन्त गम्भीरताका साथ अघि बढ्नुपर्ने स्थिति छ ।

सर्वप्रथम आन्दोलनले लिएका एजेन्डाहरु स्थापित गराउन कुनै पनि किसिमको समझदारी गरिनुहुन्न । त्यो भनेको भ्रष्टाचार नियन्त्रण गर्न शक्ति सम्पन्न आयोग गठन हुनुपर्छ । यस आयोगको प्रमुख आयुक्तलगायतका अन्य आयुक्तहरू सर्वसाधारण जनताले स्वीकार्य गर्ने व्यक्तित्व हुनुपर्दछ । ती व्यक्तिहरूले लामो जीवनमा आफूलाई शुद्ध र इमानदार प्रमाणित गरेको हुनुपर्छ । यस्ता व्यक्तित्वहरु इमानदारिताका साथ मेहनत गरेर खोजी पत्ता उपलब्ध हुनेछन् । स्वतन्त्र हिसाबले काम गर्न पाउने वातावरण बन्दा जिम्मेवारी लिनेछन् ।

तर ती स्वाभिमानी, सुयोग्य, आदर्श नागरिकहरू सरकारसमक्ष गएर जिम्मेवारी माग गर्ने छैनन् । यसतर्फ विशेष चासो दिनु जरुरी छ । दोस्रो हो, निर्वाचन आयोगलगायतका सम्पूर्ण आयोगहरूको विघटन अत्यावश्यक छ । किनकि यी सम्पूर्ण आयोगहरूको नियुक्ति प्रक्रिया नै विवादित छ । त्यसैले यी संस्थाहरूमा कार्यरतहरूले इमानदारिताका साथ पद त्याग गर्दा महानता हुनेछ । निष्पक्ष निर्वाचनका लागि निष्पक्ष पात्रहरूको छनोट गर्ने अधिकार अब नयाँ सत्ताले पाउनुपर्दछ । यसका लागि अब शीघ्र सत्पात्रहरूको खोजी गर्नु अत्यावश्यक छ । तेस्रो हो, यो अल्प अवधिको आन्दोलनको सफलतासम्म आइपुग्दा देशका होनहार भविष्यहरूको प्राणपखेरू निर्मम तरिकाले अन्त्य गर्ने काम भएको छ ।

कलिला बाबु नानीहरूलाई हत्या गर्ने अभिप्रायले नै गोली प्रहार भएको छ । कट्टीभन्दा तल गोली हान्नुपर्ने र रबरको गोली चलाउनुपर्नेमा सिसाको गोली चलाइएको छ । यसमा संलग्न आदेश दिनेहरू सबैलाई शीघ्र कानुनी कठघरामा उपस्थित गराउनुपर्दछ । यो कार्य गर्न अर्को आयोग गठन गरी छानबिन गराउनु जरुरी छ । चौथो हो, वर्तमान लोकतान्त्रिक संविधानका कतिपय प्रावधानहरूले राज्य संयन्त्रमा अत्यधिक राजनीतीकरण गर्ने अवस्था बनाएकोले यसको परिणति राष्ट्रले दुरावस्था भोगेको छ । त्यो अवस्थाबाट उन्मुक्ति पाउन संविधानमा संशोधन जरुरी हुन्छ । यसमा निर्वाचनपश्चात् आउने नयाँ सांसदलाई यो जिम्मेवारी संविधानले स्वत: दिने नै छ ।

लोकतन्त्रमा समझदारी गर्न यो आन्दोलन भएको होइन । सार्वजनिक सम्पत्ति खरानी बनेका छन् । यो जेन्जी समूहले घुसपैठ भएको आरोप लगाएको छ । यदि त्यसो हो भने त्यसको निष्पक्ष छानबिन हुनै पर्छ । सरकारी सम्पत्ति जुन जनताको पसिना हो त्यसको मोलमोलाइ हुनुपर्दछ । अपराधीहरुलाई कारबाही गर्नुपर्छ । कारबाही नहुँदा यसको जिम्मेवारी आन्दोलनकारी शक्तिले लिनुपर्छ । यो प्रवृत्तिले निरन्तरता पाउने अवस्था बन्दछ । जहाँसम्म व्यक्तिको सम्पत्ति नष्ट भएको विषय छ । यसलाई स्वीकार गर्न सकिन्न । कानुनले वर्जित गरेको अकुत सम्पत्ति आर्जन गरेको हो भने कानुनअनुसार नै यी सम्पत्तिहरू राष्ट्रियकरण गरिनुपर्दछ । तर यी विषयहरु सोचेजस्तो सहज छैनन् । खबरदारी देशभक्त नागरिकहरूबाट निरन्तररुपमा हुनु जरुरी छ । किनकि हामी आज जुन हिसाबले यो परिस्थितिको विकराल अवस्थामा गुज्रिराखेका छौं, यो हाम्रै समाजको उपज हो । यसका लागि नेपाली समाज पनि जिम्मेवार छ । तसर्थ यही समाजका उपजहरुले जिम्मेवारी पाउने हुन् । उनीहरु आफ्नो कर्तव्यबाट च्युत हुन सक्नेछन् । यसतर्फ निरन्तर खबरदारी गर्नु जरुरी छ ।

**निष्कर्ष :**

देशले अब गति लिने समय आएको छ । आन्दोलनकारी युवाहरूका बीच द्वन्द्वको अवस्था देखिँदै छ । जेन्जी समूहलाई सहयोग गर्न इमानदारिताका साथ राष्ट्रसेवकहरू लाग्नुपर्दछ । नेपाली नागरिकहरूले आफ्नै भविष्यका लागि पनि अब देशमा यस प्रकारको बेथिति र विसंगति उत्पन्न हुन नदिने गरी खबरदारी गर्नुपर्दछ । प्रत्येक व्यक्तिमा कमी-कमजोरी र गुणहरु विद्यमान हुन्छन् । अन्तरिम सरकारका प्रधानमन्त्रीलाई पनि देवत्वकरण गर्नु जरुरी छैन । तर प्रधान्यायाधीश रहनुहुँदा उहाँको इमानदारितामा कुनै पनि प्रकारको प्रश्न खासै उठ्न सकेको थिएन ।

यस अर्थमा उहाँ बेदाग प्रधानमन्त्री हुनुहुन्छ । भ्रष्टाचारमा लिप्त नहुने प्रधानमन्त्री जसमा अदम्य साहस देखिन्छ, उहाँबाट गलत कामको अनुमान हालका दिनसम्म पनि गर्न सकिन्न । सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोगमा सरकार सञ्चालन गर्नुपर्दछ । जेन्जीका प्रतिनिधिहरू र देशलाई माया गर्ने विज्ञहरुले अबका दिनमा देशलाई अघि बढाउनुपर्दछ । लोकतन्त्रको संरक्षणलाई अत्यधिक प्राथमिकतामा राख्नुपर्दछ ।

किनकि यो लोकतन्त्र प्राप्त गर्दा धेरै सपुतहरूको जीवन उत्सर्ग भएको छ । तर कुनै पनि प्रकारको बेथिति र विसंगतिको आभास पाउनेबित्तिकै आन्दोलनकारी शक्तिहरूले त्यसलाई खबरदारी गर्दै सुधार गर्नेछन् । किनकि सरकार प्रमुख साहसी हुनुहुन्छ, इमानदार हुनुहुन्छ । यता जेन्जी समूहका भाइबहिनीमा कुनै किसिमको स्वार्थ देखिँदैन । यो उमेर भनेकै कडा परिश्रम गरेर आफ्नो करियर बनाउने हो । यस्ता होनहार युवाहरु देशको भविष्य बनाउन लागिपरेका छन् । विश्वकै राजनीतिक इतिहासमा यो अपवादको उदाहरण बनेको छ । युवाहरूमा अदम्य साहस छ । साहसिलो व्यक्ति आफैंमा बहुमत मानिन्छ । यस अर्थमा आगामी दिनहरूमा देशको सुन्दर भविष्यको कल्पना गर्न सकिन्छ । हामी सबै यो राष्ट्रिय महायज्ञमा समाहित हुँदै सहयोग गर्न तत्पर बनौं । यही नै आजको देशको आवश्यकता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# अबको संघर्ष र नियन्त्रित लोकतन्त्र !

✍ रमेश योङहाङ

अबको संघर्ष नेपाली समाजको नियन्त्रित लोकतन्त्र वा अर्ध सामन्ती शासन अभ्याससँग गाँसिएको छ, जहाँ केवल चुनावी प्रक्रियालाई औपचारिक रूपमा सञ्चालन गरिन्छ । तर वास्तविक सत्ता कब्जा गर्ने खेलचाहिँ पछाडि नियोजित हुन्छ । एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले पनि आन्तरिक शक्ति गठबन्धन गर्दै लोकतन्त्रलाई नियन्त्रणमा लिन खोजे ।

चुनावलाई कब्जा गर्ने उद्देश्यले भूराजनीतिक सन्तुलन मिलाउन शीतयुद्धकालको झल्को दिने गरी ग्लोबल सेक्युरिटी इनिसिएटिभ र ग्लोबल डेभलपमेन्ट इनिसिएटिभको कम्युनिस्ट फ्रेमवर्कमार्फत नयाँ विश्व व्यवस्था निर्माण गर्ने दिशामा नेपाललाई जबरजस्ती धकेल्ने कोसिस भएको हो । यस्तो दुस्साहसको प्रत्यक्ष परिणाम स्वरूप यी दुवै पार्टीहरू समाजबाट विस्थापित भए, जनविश्वास गुमाए र अन्तर्राष्ट्रिय समुदायमा बदनाम हुँदै अन्तत: सत्ता संरचनाबाट सधैँका लागि गायब हुने अवस्थामा पुगे ।

नेपाल संवेदनशील बफर जोनमा अवस्थित मुलुक हो । हजारौँ वर्षदेखि निरन्तर शक्तिको टकराबमा परिरहेको नेपाल 'फल्ट-स्टेट' सरहकै अस्थिरतामा रहँदै आएको छ । यस्तो अवस्थालाई केवल हाम्रो मनोकामना वा इच्छाशक्तिले टार्न सकिँदैन । यसको समाधानका लागि दक्ष कूटनीतिज्ञहरूको टिमद्वारा ठोस र दूरदर्शी पहल अनिवार्य छ । यस्ता कमजोर राज्यहरूले न्यूट्रालिटी मेन्टेन गर्न नसक्दा सधैँ विदेशी शक्तिको प्रयोगशाला बनेको उदाहरण संसारमा प्रशस्त छन् । तर नेपालका शासकहरूले हालसम्म स्वतन्त्र नीति कायम गरेर शक्तिशाली राष्ट्रहरूसँग कुशल कूटनीतिक वा वाणिज्यिक डिल गर्ने क्षमता देखाएनन् । यही कारण नेपाल लामो समयदेखि गरिबी र निर्बलतामा फसिरहेको छ ।

यस्तो पृष्ठभूमिमा एसियामा गुम्दै गएको पश्चिमी हेजेमोनीले पुन: नेपाललाई अवसरको रूपमा नियालिरहेको छ । सामाजिक सञ्जालमा कुनै चर्चित पात्रलाई अगाडि सारेर नियन्त्रित लोकतन्त्रको नयाँ अभ्यास सुरु गर्ने वा नेपालकै सैन्य संगठन द्वारा पार्टी निर्माण गरी चुनावी धाँधलीमार्फत आफू अनुकूल पार्टीमार्फत सत्ता कब्जा गर्ने, अनि त्यसलाई दशकौँसम्म टिकाइराख्ने प्रपञ्च चलिरहेको संकेत स्पष्ट छ । यस्तो अभ्यास केवल आन्तरिक शक्ति समूहको कारण मात्र होइन, समग्र अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धाको प्रतिफल पनि हो ।

नेपालमा विगत सात दशकदेखि चलिरहेको वैचारिक फ्रेम उदारवाद र मार्क्सवाद दुवैले नेपाली समाजको वास्तविक अन्तर्विरोधलाई बुझ्न असफल भए । पश्चिमी समाजलाई हेरेर निर्माण गरिएको सैद्धान्तिक ढाँचाले नेपाली समाजको जटिलता समात्न सकेन । यही कारण ७० वर्षदेखि झुटा घोषणापत्र र गलत प्रतिज्ञाले जनतालाई भ्रमित गरियो । परिणामत: कुशासन, भ्रष्टाचार र वैचारिक शून्यता कायम रह्यो । चाहे जुनसुकै सरकार बने पनि भ्रष्टाचार टुट्ने छैन भन्ने ठहर अब प्रस्ट भइसकेको छ । ती पार्टीका युवा नेताहरू पनि त्यही त्यसै स्कुलिङबाट आएका भएकाले, भ्रष्टाचार र बेथितिको मूल कारण वैचारिक हो भन्ने कुरामा सहमत हुन सक्दैनन् । त्यसैले उनीहरूबाट नयाँ समाधान आउने सम्भावना न्यून छ ।

हाल नयाँ भनिएका लोकप्रिय युवा नेताहरू पनि समाज व्यवस्थापनका लागि आवश्यक दर्शन र सिद्धान्तमा विश्वास नगरी केवल सुशासन, भ्रष्टाचारकोविरोध र समृद्धि जस्ता रटानमै सीमित देखिन्छन् । तर मानव समाजको इतिहासले प्रस्ट देखाइसकेको केवल शासन मात्र पर्याप्त हुँदैन, जबसम्म सामाजिक रूपान्तरणलाई अगाडि बढाउने वैचारिक ज्ञानको जग निर्माण हुँदैन । जापान, युरोप वा अमेरिका जस्ता मुलुकमा पनि सुशासन र समृद्धि हुँदाहुँदै, नयाँ समाज व्यवस्थापन गर्ने वैचारिक आधारको अभावका कारण असन्तोष र द्वन्द्व उत्पन्न भएका उदाहरण प्रशस्त छन् ।

*क्रमश: पृष्ठ-३....*

# ४५ वर्षदेखि एउटै राजमार्गको भरमा राजधानीको 'लाइफलाइन'

काठमाडौं/गत शुक्रबार साँझ साढे ६ बजे मुग्लिन-नारायणगढ सडकखण्डको तुइन खोला नजिकै पहिरो झर्‍यो । त्यहाँ अकस्मात पहिरो खसेको थिएन । सडक डिभिजन कार्यालय भरतपुरका अनुसार अघिल्लो साता शनिबार देखि नै सुक्खा पहिरो खस्न थालेको हो । त्यसपछि हरेक दिन पहिरो खस्ने र फाल्दै सडक सुचारु गर्ने काम जारी रह्यो ।

आइतबारदेखि शुक्रबार सम्म दर्जनौं पटक पहिरो खस्ने, सडक अवरुद्ध हुने र सडक सफा गर्दै यातायात चलाउने काम जारी रह्यो । सोही साता नेपालमा पुन: मनसुन सक्रिय भयो । त्यसअघि सुक्खा पहिरो झरिरहेको तुइन खोला नजिकै वर्षातले पहिरो झर्ने क्रम बढायो । अन्तत: राजधानीको लाइफलाइन तीन दिनसम्म ठप्प हुन पुग्यो । कार्यालयका अनुसार आइतबार सवा ४ बजेदेखि मुग्लिन-नारायणगढ सडक सुचारु भएको छ । यद्यपि, जोखिम कायम रहेकाले आज राति ९ बजेदेखि भोलि बिहान ५ बजेसम्मका लागि आवागमन रोकिएको छ ।



यो राजमार्ग अवरुद्ध हुँदा सडकमा हजारौं यात्रु फसेका थिए । प्रहरी, स्थानीय समाजसेवी र स्थानीय प्रशासनको सहयोगमा शनिबार राति यात्रुलाई खाना बाँड्ने कामसमेत गरिएको थियो । तराई-मधेशलाई राजधानी र अर्को ठूलो सहर पोखरासँग जोड्ने उद्देश्यले निर्माण गरिएको मुग्लिन-नारायणगढ सडक बनेको साढे ४ दशक नाघेको छ । यसबीचमा अर्को विकल्पमा राज्यले काम गर्न नसक्दा १ सय ७० मिटर लामो पहिरोले हजारौं यात्रुले सास्ती भोग्नु परेको छ ।

सडक विभागका महानिर्देशक डा. विजय जैसीका अनुसार काठमाडौंलाई सहरका विभिन्न भेगसँग जोड्ने यो सडक नेपालको सबैभन्दा महत्त्वपूर्ण खण्डमा पर्छ । तर, यो खण्ड अवरुद्ध हुँदा के गर्ने भन्ने भरपर्दो विकल्प छैन ।

कालीगण्डकी करिडोर हुँदै गैंडाकोट-डेढगाउँ-भिमाद-मुग्लिन निस्कने एउटा विकल्प छ । तर, करिडोरको सडकको अवस्था समेत राम्रो नहुनु र दूरीसमेत लामो हुँदा ६ घण्टाभन्दा बढी समय लाग्ने गर्छ । सोहीकारण पछिल्ला दिनमा सडक खुलाउन सडक विभाग, सुरक्षा निकाय र अन्य सरोकारवालाले ठूलो दबाबमा काम गर्नुपरेको उनको अनुभव छ ।

**२०३६ सालदेखि यात्रा भगवान् भरोसा**

२०३६ सालमा पूर्व-पश्चिम राजमार्गलाई काठमाडौं-पोखरा जोड्ने पृथ्वी राजमार्गसँग जोड्ने मुग्लिन-नारायणगढ खण्डको निर्माण गरिएको हो । सुरुमा यो सडक एक लेनको मात्र थियो । सडकमा बढ्दो यात्रु चापसँगै २०७२ सालमा आएर मात्र यो सडक विस्तारको काम थालियो । २०७५ सालमा आएर निर्माणको काम सकिएको थियो । त्यसपछि यो खण्ड पूर्णक्षमताको दुई लेन सडकमा विस्तार भयो । त्यसबेला सडकको काममात्र सकिएको थियो । पुल निर्माणको काम भने थप ५ वर्षभन्दा बढी समयसम्म लम्बियो ।

३३ किलोमिटर लम्बाइको यो खण्डले मुलुकको राजधानी काठमाडौं र मुख्य सहर पोखरालाई मुलुकका अधिकांश भागसँग जोडिरहेको छ । नेपालको कुल वैदेशिक व्यापारमध्ये स्थलमार्गबाट हुने व्यापारको ९० प्रतिशत हाराहारी व्यापार यसै मार्गबाट हुने गरेको छ ।

राजधानीलाई तराई-मधेश र पूर्वी नेपालसँग जोड्न अहिले बीपी राजमार्ग एक विकल्पका रूपमा रहेको छ । तर, यो राजमार्गका आफ्नै सीमितता छन् । गत वर्ष असोजको बाढीले तहसनहस भएको बीपीमा अहिले सहजै यात्रा गर्न सम्भव हुने गरी पुनर्निर्माण हुन सकेन । काठमाडौंबाट हेटौंडा जोड्ने सडक मार्गसमेत जीर्ण, साँघुरा र अधिकांश एक लेनका छन् । यो अवस्थामा सरकारले यो सडकको विकल्प तयार गर्न नसक्दा यात्रुले ठूलो सास्ती बेहोर्नुपरेको छ । काठमाडौंदेखि मध्यपहाडी लोकमार्ग हुँदै पश्चिम नेपाल जाने यात्रुका लागि मुग्लिन-पोखरा विकल्प छ ।

तर, तराई-मधेशबाट आउने ठूला यात्रुवाहक सवारीसाधन र मालवाहक सवारीका लागि यो खण्ड नै एकमात्र विकल्प हो । प्रकृतिसँग जुध्दै यात्रा गर्नुपर्ने हुँदा यहाँ भगवान् भरोसामा सवारीसाधन गुडिरहेका छन् ।

**विस्तार लगत्तै पहिरोको सास्ती**

यो सडक खण्ड विस्तार भएलगत्तै हरेक वर्ष साना-ठूला पहिरोको सामना गर्दै यात्रा गर्नुपर्छ । जेठ २०७५ मा राजमार्ग पूर्णतया सुचारु गरिएको थियो । सोही वर्ष साउनमा मात्र ५ ठाउँमा ठूलो पहिरो जाँदा यात्रुले सास्ती बेहोर्नुपरेको थियो ।

यो सडक विस्तारका क्रममा ३० भन्दा धेरै स्थानमा पहिरो नियन्त्रणको काम गरिएको थियो । तर, हरेक वर्ष नयाँ-नयाँ स्थानमा जाने पहिरोले सास्ती बढाइरहेको छ । तुइन खोला पुल निर्माणका दौरान ६० मिटर कडा चट्टान सहित डाँडो कटान गरिएको थियो । त्यसआसपास पहिरोले दु:ख दिइरहेको छ । भदौ २०८० मा समेत नाम्सी पुल नजिकै गएको पहिरोले १८ घण्टासम्म यो राजमार्ग अवरुद्ध भएको थियो ।

**द्रूतमार्ग निर्माणमा गति दिन नसक्दा नजिक छैन विकल्प**

पूर्वी तराई-मधेशबाट हुने मालवस्तु ढुवानी र यात्रुवाहक सवारीसाधनको सहज यात्राका लागि काठमाडौं-निजगढ द्रूत मार्ग निर्माण क्रममा छ । चैत २०८३ भित्र सम्पन्न गर्ने गरी सुरु भएको राष्ट्रिय गौरवको यो आयोजनाको भौतिक प्रगति भर्खरै ४२ प्रतिशत टेकेको छ ।


यो आयोजनाको काठमाडौंतर्फको प्रवेश बिन्दु कहाँ बनाउने भन्ने समस्या अझै सुल्झिएको छैन । जसले गर्दा आयोजना सम्पन्न हुने मितिमै अन्योल छ । बीपी राजमार्गले साना सवारीको मात्र विकल्प दिने, मालवाहक सवारीका हकमा द्रुत मार्ग निर्माणको कछुवा गति र पश्चिम तराई र पहाडी भेगबाट आउने सवारीका हकमा एकमात्र राजमार्गको अर्को विकल्पमा अहिले छलफल समेत भएको छैन । त्यसकारण अझै कयौं वर्ष यात्रुले जोखिमपूर्ण यात्रा गर्नुपर्ने छ ।

सडक विभागका महानिर्देशक डा. जैसीका अनुसार अहिले स्थानीय तह र प्रदेश सरकारहरूले सोही खण्डको पारि विभिन्न स्थानमा ट्र्याक खोल्ने काम गरिरहेका छन् । विभागले त्यसलाई स्तरोन्नति गरी सडकका रूपमा विकास गर्न सकिने विकल्पबारे भने योजना बनाइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फूलपातीबाट पनि सर्‍यो 'अभिमन्यु', अब असोज २४ मा प्रदर्शन हुने

काठमाडौं/सस्पेन्स थ्रिलर फिल्म 'अभिमन्यु: च्याप्टर वान'को प्रदर्शन मिति पुन: सरेको छ । जेनजी आन्दोलनका कारण भदौ २७ गतेबाट सरेर असोज १३ गते फूलपातीमा पुगेको यो फिल्म अब असोज २४ गतेबाट प्रदर्शनमा आउने भएको छ । आइतबार निर्माता कम्पनी सेभेन सिज सिनेमाले विज्ञप्ति जारी गर्दै फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरेको हो ।




विज्ञप्तिमा भनिएको छ, 'भदौ २७ गते प्रदर्शन गर्ने तयारीमा रहेको 'अभिमन्यु' देशमा चलेको जेनजी आन्दोलनका कारण स्थगित गर्नुपरेको थियो । असोज १३ मा धेरै फिल्म रिलिज हुने भएकाले पर्याप्त शो सुनिश्चित गर्न कठिन हुने देखियो । साथै यसले अन्य नेपाली फिल्मलाई पनि असर पार्ने भएकाले हामीले अन्तिम रुपमा असोज २४ गतेलाई प्रदर्शन मिति तय गरेका छौं ।'

विज्ञप्तिमा 'अभिमन्यु'को हिन्दी भर्सन पनि असोज २४ गतेदेखि विश्वव्यापी रूपमा प्रदर्शन हुने उल्लेख छ । यो फिल्मको हिन्दी संस्करणमा चर्चित भारतीय भ्वाइस आर्टिस्ट सचिन गोलेले अभिनेता कामेश्वर चौरासियाको पात्रमा आवाज दिएका छन् । उनले हालै भिडियो सन्देशमार्फत मेकरहरूको मिहिनेतको प्रशंसा गर्दै फिल्म राम्रो बनेको बताएका छन् ।

सुशान्त गौतमको निर्देशनमा बनेको 'अभिमन्यु'मा कामेश्वरसँगै लक्ष्मी बर्देवा, शिशिर वाङ्देल, सरिता गिरी, गौमाया गुरुङ, किरण श्रेष्ठ लगायतको अभिनय रहेको छ । शरद महतोको छायांकन रहेको फिल्ममा विनोद पौडेल र गुञ्जन गिरी निर्माताको रूपमा छन् भने सह-निर्माता रमेश चौलागाईं र हरि श्रेष्ठ हुन् । विनोद र रमेश कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता हुन् ।

# क्षतिग्रस्त संरचनाको सरसफाइ र पुनर्निर्माणमा जुटिन् मिस नेपाल





काठमाडौं/ समाज सेवामा रुचि राख्ने मिस नेपाल लुना लुइँटेललाई यतिबेला भ्याइनभ्याइ छ । यी सुन्दरी यतिबेला जेनजी आन्दोलनको क्रममा क्षतिग्रस्त संरचनाको रङरोगन र पुनर्निर्माणको कार्यमा ब्यस्त छिन् ।

शनिबार उनले आगजानीबाट ध्वस्त स्वयम्भु प्रहरी चौकीको पुनर्निर्माणमा खटिएका स्वयंसेवकलाई सघाइन् । प्राप्त भिडियोमा उनले इट्टा र ब्लकहरू ओसार्ने काममा सघाएको देखिन्छ ।

नेपाल युथ क्लबले अहिले उक्त प्रहरी चौकीको रङरोगन र पुनर्निर्माणमा सघाइरहेको छ । क्लबका स्वयंसेवकसँग मिलेर लुनाले पनि सघाएको देख्न सकिन्छ ।

उनले इन्स्टाग्राममा भिडियो पोस्ट गर्दै लेखेकी छन्, 'एक पटकमा एउटा इँटा । दिनको २०-३० मिनेट समर्पित गरे पनि, यदि हामी सँगै आयौं भने, हामी नेपालको पुनर्निर्माणमा फरक पार्न सक्छौं ।'

यसबाहेक, गतसाता नै लुनाले मैतीदेवीमा जलेका सरकारी संरचना र क्षतिग्रस्त स्वास्थ्य मन्त्रालयको सरसफाइमा भाग लिइन् । 'मैले आफ्नो तर्फबाट के सहयोग गर्न सक्छु भनेर हेरिरहेको थिएँ । सो क्रममा सोसल मिडियाबाट काम भैरहेको देखेपछि सघाएकी हुँ' लुनाले भनिन् । लुइँटेल जेनजी आन्दोलनको डेढसाताअघि मात्र मिस नेपाल २०२५ घोषित भएकी थिइन् ।

# यूएईले नेपालीलाई भिसा कडाइ गरेपछि श्रमिक मर्कामा

काठमाडौं/कपिलवस्तुका विष्णुप्रसाद थारू एक वर्षअघि युनाइटेड अरब इमिरेट्स (यूएई) पुगे । भिजिट भिसामार्फत दुबई पुगेका उनी वर्किङ भिसामा परिवर्तन गरी काम गर्ने तयारीमा थिए । तर, युएईले भिसा दिन बन्द गरेसँगै उनी समस्यामा परेका छन् । नेपालमा २३ र २४ भदौको जेनजी आन्दोलनपछि यूएईले १५ सेप्टेम्बरदेखि नेपालीलाई भिजिट भिसा दिन बन्द गरेको थियो । सोही दिनदेखि वर्किङ भिसामा समेत कडाइ गरेपछि उनी यतिबेला अलमलमा परेका हुन् ।

'नेपालको जेनजी आन्दोलनपछि यूएईले भिसा दिन बन्द गर्‍यो । वर्किङ भिसा र भिजिट भिसा दिन बन्द गरेपछि धेरै अप्ठेरो भइरहेको छ,' यूएईबाट संचारकर्मीको सम्पर्कमा आएका थारूले भने, 'भिसा नलागेपछि घर फर्किनुपर्ने अवस्थामा पुगेका छौं । धेरै गाह्रो भइरहेको छ ।' थारू जस्तै अन्योलमा बाराका अर्मान अन्सारीको पनि छ । करिब ६ महिनाअघि यूएई पुगेका उनको समेत वर्किङ भिसा रोकिएको छ ।

'नेपालमा भ्रष्टाचार विरुद्ध चलेको जेनजी आन्दोलन यूएईमा पनि पर्‍यो,' उनी भन्छन्, 'भिसा दिन बन्द गरेपछि समस्या भयो ।' नेपालमा चलेको जेनजी आन्दोलनपछि जेल तोडेर १३ हजार भन्दा बढी कैन्दी बदी भागेका थिए । ती कैदीबन्दी यूएई आउन सक्ने र जसले सुरक्षा चुनौती बढ्ने भन्दै भिजिट भिसा पूर्णरूपमा बन्द गरिएको थियो भने वर्किङ भिसाका लागि समेत प्रहरी रिपोर्टका आधारमा मात्रै जान दिने गरिएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सचिव तथा आकृति रिक्रुटिङ प्रालिका सञ्चालक कुन्छादोर्जे डिम्दोङले भिसा जारी भइसकेकाहरू जान पाए पनि नयाँ जारी नभइरहेको बताए ।

उनका अनुसार केही दिनयता भिसा आइसकेकाहरू भने वर्किङ भिसामा जान पाइरहेका छन् । तर, नयाँका हकमा भने तत्काल प्रहरी रिपोर्टका आधारमा मात्रै जान पाउने व्यवस्था गरिएको छ । 'नेपालमा जेल तोडेर भागेकाहरू यूएई आउन सक्ने र त्यसलाई रोक्नका लागि केही दिनका लागि भिजिट भिसा बन्द गरेको यूएईका व्यवसायीहरूले हामीसँगको कुराकानीमा भनेका छन् । तर, यस विषयमा यूएईले आधिकारिक केही सूचना जारी गरेको छैन,' डिम्दोङले भने । यूएईका व्यवसायीले नेपाली म्यानपावर व्यवसायीलाई पठाएको सन्देशमा 'पहिचान, नागरिकता, भन्सार र बन्दरगाह सुरक्षाका लागि संघीय प्राधिकरणले लेनदेन अस्वीकार गरेको, यस व्यक्तिका लागि भिसा जारी गर्न सकिँदैन' उल्लेख गरिएको छ ।

भिसाका हकमा 'यो व्यक्तिका लागि भिसा जारी गर्न सकिँदैन' भनेर अस्वीकृत गर्दै आएको छ । पछिल्लो समय भिसा आवेदन दिएका सबैको अस्वीकृत भइरहेको डिम्दोङले बताए । नयाँ भिसा जारी नभए पनि यसअघि नै भिसा जारी भइसकेका हकमा भने जान पाइरहेका छन् । यूएईले सुरक्षा कारण देखाउँदै भिसा दिन बन्द गरेसँगै दैनिक ५ सयभन्दा बढी नेपाली यूएई जानबाट रोकिएका छन् । गत वर्ष सबैभन्दा बढी नेपाली यूएई नै गएका थिए । यो आर्थिक वर्षको दुई महिनामा मात्रै ५० हजार नेपाली रोजगारीका लागि यूएई गएका छन् । यूएईले ३० भदौदेखि भिसा दिन रोकेसँगै नेपालीहरू अन्य मुलुकको विकल्प खोज्न थालेका हुन् ।

**भिजिट भिसामा कडाइ**

निलकमल ग्रुप अफ कम्पनीका अध्यक्ष तथा वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिव मेघनाथ भुर्तेलले भिजिट भिसा रोकेसँगै वर्किङ भिसामा समेत कडाइ गर्दा यूएई जाने तयारीमा रहेका श्रमिकहरू मर्कामा परेको बताए । 'अहिले सबै भिसा प्रोसेस होल्ड गरिएको छ । वर्किङ भिसा पाइसकेकालाई पनि प्रहरी क्लियरेन्स लिनुपर्ने सर्त राखिएको छ । यो अस्थायी कदम हो भन्ने बुझिएको छ,' उनले भने, 'तर, कतिसम्म जाने हो भन्ने कुरा अझै प्रष्ट छैन । जसले गर्दा नेपालबाट यूएई जाने तयारीमा रहेकाहरू समस्यामा परेका छन् ।'

यूएईले भिसा रोकेको विषयमा नेपाली म्यानपावर व्यवसायीहरूले उताका व्यवसायी तथा आफ्ना एजेन्टसँग जानकारी मागेका थिए । जसमा उनीहरूले सुरक्षा चिन्ता र भिजिट भिसामार्फत मानव बेचबिखनसँग सम्बन्धित विगतका समस्या समाधान गर्न यो कदम चालिएको जानकारी दिएका छन् । श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले यूएईको यस्तो नीतिले समस्या ल्याउने बताए । यूएईको यस्तो निर्णयले अस्थायी रूपमा असर गर्नेमात्र नभई नेपाली श्रमिकप्रति रहेको विश्वासमाथि समेत प्रश्न उठ्न सक्ने उनको भनाइ छ । 'विश्व श्रम बजारमा नेपाली इमानदार र लगनशील भन्ने छाप थियो । तर, आफ्नै सम्पत्तिलाई निर्दयी रूपमा नष्ट गर्ने व्यवहार देखिँदा उल्टो छाप पर्न सक्ने खतरा छ,' नेपालले भने । नेपालीको प्रमुख श्रम गन्तव्य बनिरहेको यूएई भिजिट भिसामार्फत समेत धेरैको केन्द्र बन्दै आएको छ ।

भिजिट भिसामार्फत दुबई जाने र त्यहाँबाट केही यूएईमै बस्ने र केही अन्यत्र जाने गरेका छन् । अन्य देशमा जानसमेत यूएईलाई ट्रान्जिट बनाउने गरेका छन् । नेपालीहरू भिजिट भिसामार्फत दुबई जान्छन् । त्यहाँ केही महिना बस्छन् । केही महिनापछि पोर्चुगल, पोल्यान्ड लगायत अन्य देशसमेत जाने गरेका छन् । त्यस्तै महिला भने दुबईबाट कुवेत, बहराइन, ओमान लगायत देशमा समेत घरेलु कामदारका रूपमा जाने गरेका छन् । दुबईमा नेपाली महिलालाई केही महिना राख्ने र त्यहाँबाट अन्य देशमा घरेलु श्रमिकका रूपमा बेच्ने गरेको पाइन्छ । नेपाल वैदेशिक रोजगार उद्धार नेपालका अध्यक्ष इन्द्रलाल गोलेले केही समय अगाडि संचारकर्मीसँग गरेको कुराकानीमा दुबईबाट महिलाहरूको मोलमोलाई भएर कुवेत, बहराइन, इराक लगायत देश पठाउने गरेको बताएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# अबको संघर्ष र....

संसारभरका सामन्ती शासन ढाल्न सफल युरोपेली दुई ज्ञान प्रणाली, जसले उदारवाद र मार्क्सवादलाई वैचारिक आधार दियो, अहिले त्यो ज्ञान प्रणाली युरोपमै काम नलागेर पतन भइसकेको छ । धेरै चिन्तकहरूले दशकौंअघि नै यसको अन्त्यको भविष्यवाणी गरि सकेका थिए । अहिले संसार ठुलो अनिश्चितता र महाभ्रमको युगमा छ । यस्तो अवस्थामा नेपालजस्ता मुलुकहरूले वैकल्पिक ज्ञान प्रणाली खोज्नु पर्नेमा, उल्टै पुराना भ्रममै अड्किएर नियन्त्रित लोकतन्त्र वा जेन-जी किङको दलदलमा फसाउन खोजिँदै छ । यो स्तम्भकार आफैं दशकौंदेखि नयाँ वैकल्पिक बिचार समूहमा सहभागी भएर समाजको बदलिँदो चेतनाको परिवर्तनलाई अध्ययन गर्दै आएको हुनाले, हालका घटनाले मलाई कुनै आश्चर्य उत्पन्न गरेको छैन । तर दुर्भाग्यवश, पर्याप्त वैचारिक तयारी, भूराजनीतिक सम्हाल्न सक्ने सक्षम टिम र राज्यकलाको वैकल्पिक पूर्ण ब्लुप्रिन्ट हुँदाहुँदै पनि समयमै समाजमा सचेत हस्तक्षेप गरेर ठुलो हतौडे मुक्का प्रहार गर्न नसक्दा मुलुक अझै अन्योलतर्फ धकेलिएको छ ।

आजको भूराजनीतिमा चीन र भारत दुवै देशले जी.डी.पी. वृद्धिमा संसारलाई नेतृत्व गरिरहेका छन् । तर नेपालजस्तो विकासशील छिमेकीको गरिबी उनीहरूका लागि ठुलो टाउको दुखाइ बनेको छ । किनभने कमजोर अर्थतन्त्रमा खराब तत्त्व सजिलै लुकेर क्षेत्रीय स्थिरतालाई कमजोर बनाउन सक्छन् । यही कारण २०१५ मै मोदी र सी जिनपिङबीच 'टु प्लस वान' मोडलमा चीन र भारतबिच सहमति भएको सङ्केत पाइन्छ । यसको भित्री उद्देश्य स्पष्ट छ–एसियाका साना मुलुकहरू, विशेषत: नेपालजस्ता कमजोर अर्थतन्त्र भएका राज्यहरूको मामिलामा दुई देशले पहिले आपसमा सहमति गर्ने, अनि मात्र तेस्रो देशलाई निर्णय सुनाउने । यसरी प्राकृतिक स्रोतसाधनको अभाव भएका दक्षिण एसियाली देशहरूलाई यस मोडलभन्दा बाहिर जान सक्ने अवस्था रहँदैन ।

यस मोडललाई धेरै अन्तर्राष्ट्रिय विश्लेषकहरूले "अनौपचारिक शक्ति-तालमेल" भनेर व्याख्या गरेका छन् । विश्व भूराजनीतिमा यस्तो संयोजन पहिले पनि देखिएको थियो, जहाँ ठुला शक्तिहरूले साना मुलुकहरूको निर्णय अधिकारलाई सीमित गर्न खोजेका थिए । उदाहरणका लागि, १९औं शताब्दीको "युरोपको सामूहिक शक्ति-व्यवस्था" मा शक्तिशाली राज्यहरूले आपसमा सहमति गरेर साना राष्ट्रहरूको नीति निर्धारण नियन्त्रणमा लिन खोजेका थिए । नेपाल सन्दर्भमा चीन-भारतको २+१ मोडल त्यही मानसिकताको निरन्तरता हो । यसले देखाउँछ कि यो केवल द्विपक्षीय सम्बन्धको अभ्यास मात्र होइन, सिङ्गो दक्षिण एसियामा शक्ति सन्तुलन कायम गर्न खोजिएको भूराजनीतिक उपकरण पनि हो । अन्तर्राष्ट्रिय सम्बन्धका यथार्थवादी सिद्धान्तले पनि यही भन्छ कि शक्तिशाली राष्ट्रहरू प्राय: आफ्ना छिमेकी कमजोर मुलुकलाई "बफर जोन" को रूपमा प्रयोग गर्छन् ।

नेपालका शासकहरूले यस्तो संरचनासँग इमानको कूटनीतिक पहल लिन सकेनन् । बरु उनीहरूले आफ्ना व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिए । कहिले भारत, कहिले अमेरिकालाई शत्रु देखाएर घरेलु शक्ति आर्जन गर्ने अनि फेरि चुनावी खर्च, स्वास्थ्य उपचार, मिर्गौला प्रत्यारोपण वा छोराछोरीका छात्रवृत्ति मिलाउन त्यही देशमै ढोकाधडक गर्ने परम्परा चलाइयो । यस्तो व्यवहारका कारण शक्तिशाली राष्ट्रहरूसँग विश्वासको वातावरण कहिल्यै निर्माण भएन । राजा महेन्द्रको पालादेखि नै "समृद्ध नेपाल" को नारा उठाइए पनि त्यो केवल भाषण र घोषणामै सीमित रह्यो ।

अबको राजनीतिक संघर्ष अनिवार्य रूपमा कन्ट्रोल डेमोक्रेसी र जनताको प्रतिरोधबिचको टकराबमा रूपान्तरित हुनेछ । नेपालमा वास्तविक वैचारिक संश्लेषण बिना समृद्धि सम्भव छैन । उत्पीडित वर्गको संघर्षलाई दबाएर, सामाजिक सञ्जालमा लोकप्रियतावाद, सैन्यद्वारा संरक्षित पार्टी र चुनावी धाँधलीमार्फत सत्ता कब्जा गर्ने प्रयास भए पनि अन्तत: समाजभित्रका अन्तर्विरोधहरूले नयाँ द्वन्द्व जन्माउने नै छ ।

*(साभार: रातोपाटी)*

# 'अभिमन्यु'को हिन्दी भर्सनमा 'केजीएफ'का भ्वाइस आर्टिस्ट सचिनको आवाज

काठमाडौं/यसपालिको दशैंमा फिल्म 'अभिमन्य'को नेपाली र हिन्दी संस्करण प्रदर्शन हुँदैछ । असोज १३ गते फूलपातीमा नेपाली र असोज १६ गते दशैंको टीकामा हिन्दी भर्सन हलमा लाग्नेछ । फिल्मको दुवै भाषाको काम पूरा भइसकेको निर्माण टिमले जनाएको छ । हालै फिल्मको हिन्दी भर्सनको सानो अंश सार्वजनिक गरिएको छ, जसमा कामेश्वर चौरासिया र लक्ष्मी बर्देवालाई देख्न सकिन्छ ।

फिल्मको हिन्दी भर्सनमा चर्चित भारतीय भ्वाइस आर्टिस्ट सचिन गोलेले कामेश्वरको पात्रमा आवाज दिएका छन् । सार्वजनिक भिडियोमा उनको आवाज प्रभावशाली देखिएको छ । साउथ फिल्म 'केजीएफ'को हिन्दी भर्सनमा अभिनेता यशको पात्रमा आवाज दिएका उनले यसअघि 'प्रेमगीत ३', 'गोर्खा वारिअर' जस्ता नेपाली फिल्मको पनि हिन्दी डब गरिसकेका छन् ।




'अभिमन्यु'मा आवाज दिने क्रममा सचिनले भिडियो सन्देश मार्फत् फिल्म राम्रो बनेको बताएका छन् । उनले भनेका छन्, 'एकदमै मज्जा आयो डब गर्न । मेकरले निकै मिहिनेत गरेर साह्रै राम्रो फिल्म बनाएका छन् । नेपाली फिल्म जसरी निखारिएको आएको छ, त्यसका लागि मेकरलाई सलुट छ । यस्तो लाग्छ, 'अभिमन्यु' मेरो लागि नै लेखिएको थियो ।'

सुशान्त गौतमको निर्देशनमा बनेको यो फिल्ममा कामेश्वर र लक्ष्मीसहित शिशिर वाङ्देल, सरिता गिरी, गौमाया गुरुङ, किरण श्रेष्ठ लगायतको अभिनय रहेको छ । शरद महतोको छायांकन रहेको फिल्ममा विनोद पौडेल र गुञ्जन गिरी निर्माताको रुपमा छन् भने सह-निर्माता रमेश चौलागाईं र हरि श्रेष्ठ हुन् । विनोद र रमेश कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# दसैंमा खाद्यले खसीबोका र च्यांग्रा नबेच्ने




साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यसवर्षको दसैंमा खसी, बोका र च्यांग्रा विक्री नगर्ने भएको छ ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण आपूर्ति व्यवस्था अन्योलमा परेपछि कम्पनीले विक्री नहुने जनाएको हो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सूचना अधिकारी माधव मिश्रले जेनजी आन्दोलन र सडक अवरोधका कारणले यसवर्ष खसीबोका र च्यांग्रा ल्याउन नसकेको बताए । देशमा देखिएको परिवर्तित राजनीतिक घटनाक्रमले खसीबोका र च्यांग्रा ल्याउने तयारीचरणमा असहज अवस्था सिर्जना गरेको उनको भनाई छ । जेनजी आन्दोलनपछि पनि खसीबोका र च्यांग्रा ल्याउन कोशिष गरेको भएपनि नसकेको उनले बताए ।

हाल सडक ३६ घण्टासम्म सडक अवरुद्ध भएको उल्लेख गर्दै उनले लामो समय खसीबोका र च्यांग्रालाई गाडीमा स्टक गरेर राख्दा समस्या हुने बताए । खसीबोका र च्यांग्रा मरेर झन ठूलो नोक्सानी हुने र त्यसको सन्देश पनि नराम्रो जाने भएकोले यो वर्ष नबेच्ने निर्णय गरेको सूचना अधिकारी मिश्रले बताए । उनले यसबाट आमउपभोक्तालाई केही असर पर्ने देखिएपनि निजीक्षेत्रले जटिल अवस्थामा सहयोग गर्ने विश्वास व्यक्त गरे । उनले मूल्यवृद्धि नगरी सुपथमूल्यमा सेवा दिन पनि निजीक्षेत्रलाई आग्रह गरे ।

'अहिले दसैंतिहारमा हामी खसीबोका र च्यांग्रा ल्याउन नसक्ने अवस्थामा छौं । यसमा चाहिँ दुईवटा मुख्य कारणहरु रहेका छन् । देशमा देखिएको परिवर्तित राजनीतिक घटनाक्रमले गर्दा तयारीचरणमा हामीलाई केही असहज अवस्था सिर्जना भयो र यो कति लम्बिन्छ भनेर हामीले पूर्वानुमान गर्न सकेनौं, त्यसकारण पनि ल्याउन सक्ने अवस्था भएन ।

अर्को त्यसपछि पनि केही गर्न सकिन्छ की भनेर तयारी गर्न खोजेको खसीबोका र च्यांग्रा जीवित प्राणी हो' उनले भने, 'त्यो अब लामो समय त्यसै स्टक गाडीमा राख्दा त्यो मर्ने सम्भावना पनि हुन्छ र अहिले हामी जहाँबाट खसीबोका र च्यांग्रा ल्याउने तयारी गरिरहेका थियौं, ती क्षेत्रबाट आउने बाटो ३६ घण्टा बन्द हुने अवस्थामा खसीबोका र च्यांग्रा मरेर झन ठुलो नोक्सानी हुने र त्यसको म्यासेज पनि नराम्रो जाने हुनसक्ने आकलन गरेर व्यवस्थापनले यो वर्ष खसीबोका र च्यांग्रा नल्याउने निर्णय गरेको छ ।'

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको खरिद विभागको विभागीय प्रमुख अनन्तराज पौडलले कम्पनीको बार्षिक कार्यक्रम अनुरुप चाडपर्वको बेलामा खसी बोका र च्यांग्रा विक्रीको लागि सम्पूर्ण तयारी गरिएको भएपनि रोकिएको बताए । खरिदका लागि सम्बन्धित कार्यलयमार्फत् स्थानीय तहमा पत्राचार भइसकेको अवस्थामा रद्द गरिएको उनले जानकारी दिए । उनका अनुसार खाद्य कम्पनीले यसवर्ष अनलाइन प्रणालीमार्फत् पनि खसीबोका विक्री गर्ने योजना बनाएको थियो ।

अनलाईन पोर्टलमा आफूले चाहेको तौल, समूह, आफूले चाहेको खसी, बोका अथवा च्यांग्रा सेलेक्ट गरेर डेलिभरी लिने मिति समेत राखेर लैजान मिल्ने गरी तयारी गरिएको उनले बताए । अनलाइन बुकिङमार्फत् करिव ३० वटा अर्डर आएको भएको उनले जानकारी दिए । कम्पनीले यसअघि करिव १ हजार ५ सय खसीबोका र ३ सय च्यांग्रा आपूर्ति गरी सुपथ मूल्यमा विक्री गर्ने तयारी गरेको थियो । अशान्त परिस्थिति र यातायात सहज नहुने जोखिमका कारण विक्री नगर्ने निर्णय लिइएको हो ।

# मकवानपुर तेक्वान्दो संघमा पुन: बज्राचार्यकै नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ मकवानपुर जिल्ला तेक्वान्दो संघको सातौं जिल्ला अधिवेशनले लालकाजी रत्न बज्राचार्यलाई पुन: अध्यक्षमा चयन गरेको छ । नेतृत्वमा निरन्तरता पाएका बज्राचार्यले अबको कार्यकालमा जिल्लाभर ५ हजार खेलाडी पुऱ्याउने लक्ष्य अघि सारेका छन् ।

संघको चौथो वार्षिक साधारणसभा तथा अधिवेशनले उपाध्यक्षमा निरुकुमारी मगरलाई १२ मतसहित निर्वाचित गऱ्यो । उनका प्रतिस्पर्धी विमल विकले ६ मत पाएका थिए । अर्का उपाध्यक्ष मानबहादुर वाइबा, सचिव ओमबहादुर मोक्तान र कोषाध्यक्ष रविन्द्र डंगोल भने सर्वसम्मत चयन भए । सदस्यतर्फ सुरशा ढुंगाना (१७ मत), पवन अगस्ती (१४ मत), हरि भुजेल (१८ मत) र शिवहरि राई (१८ मत) विजयी भए भने गोपाल सुनार, माधवलाल श्रेष्ठ, पुरुषोत्तम रुपाखेती र विवेक राई पनि सदस्य बने ।

अध्यक्ष बज्राचार्यले आफ्नो प्रस्तुतिमा चार वर्षअघि जिल्लामा थोरै डोजाङ मात्र रहे पनि अहिले वडावडामा तेक्वान्दो खेलाडी सक्रिय रहेको बताए । 'स्थानीय तह, प्रदेश सरकार र संघको सहकार्यले यो सम्भव भएको हो,' उनले भने, 'अब जिल्लाभर ५ हजार खेलाडी पुऱ्याउने हाम्रो लक्ष्य हो ।' कार्यक्रममा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशी प्रमुख अतिथि थिए । जोशीले बज्राचार्यको प्रस्तुति र लक्ष्यको प्रशंसा गर्दै खेलकुदलाई शिक्षा र नेतृत्व विकाससँग जोड्नुपर्ने धारणा राखे ।

बागमती प्रदेश खेलकुद विकास परिषद्का निवर्तमान सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष सानु लामा, निर्वतमान अध्यक्ष वेष खड्गी, अध्यक्ष राजकुमार मोक्तान लगायतको उपस्थिति रहेको कार्यक्रममा वक्ताहरुले खेलक्षेत्रमा सरकारी लगानी बढाउनुपर्नेमा जोड दिए ।

# बागमतीका क्षतिग्रस्त संरचनाको प्राविधिक परीक्षण सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ जेनजी आन्दोलनका क्रममा भएको आगलागी र तोडफोडबाट क्षति पुगेका बागमती प्रदेशका सरकारी संरचनाको प्राविधिक परीक्षण सुरु भएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय र विज्ञ समूहको संयुक्त टोलीले हेटौंडास्थित मन्त्रालय, कार्यालय र निकायको अवस्थाको मूल्यांकन गरिरहेको हो । मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाका अनुसार काठमाडौंबाट आएका २ जना विशेषज्ञसहितको प्राविधिकटोलीले आधुनिक उपकरण प्रयोग गरी भवनहरुको विस्तृत जाँच गरिरहेको छ । 'यो केवल आँखाले हेरेर गरिएको निरीक्षण मात्र होइन, करिब १५ वर्ष अनुभव भएका विज्ञले उपकरणसहित परीक्षण गरि रहनुभएको छ, त्यसैले परिणामप्रति हामी आश्वस्त छौं,' उनले भने । उनका अनुसार हालसम्म करिब ७० प्रतिशत काम सकिएको छ र एकदुई दिनमै क्षतिको यकिन विवरण तयार हुनेछ ।

पहिलोचरणमा हेटौंडाका मुख्य सरकारी भवनको निरीक्षण सकिएपछि टोली जिल्लास्थित प्रादेशिक कार्यालयमा पुग्नेछ । प्राविधिकटोलीको प्रतिवेदन एक हप्ताभित्र सचिवस्तरीय कार्यदलमा बुझाइनेछ ।

त्यसपछि कार्यदलले आवश्यक अध्ययन र नीतिगत विषय समेटेर मन्त्रीस्तरीय कार्यदललाई सिफारिस गर्ने सचिव मरहठ्ठाले जानकारी दिए । प्रतिवेदनमा प्राप्त सुझावका आधारमा संरचनागत मर्मत (रेक्ट्रोफिटिङ) तत्काल सुरु गरिने र सामान्य क्षतिको मर्मत १० देखि १५ दिनभित्र सम्पन्न हुने अनुमान गरिएको छ ।

पार्टिसन, बिजुलीबत्ती, एसीजस्ता गैरसंरचनागत काम भने छुट्टै खरिद प्रक्रियामार्फत् अघि बढाइनेछ । सचिव मरहठ्ठाले प्राविधिक परीक्षण र पुन:स्थापनापछि प्रदेश सरकारका कार्यालय सुरक्षित रुपमा सञ्चालनमा आउने र भविष्यमा सम्भावित जोखिम न्यूनीकरण गर्न पनि प्रतिवेदन मार्गनिर्देशक हुने विश्वास व्यक्त गरे ।

# बालपत्रिका नव कोपिलाको पुन:लोकार्पण




साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ नेपालकै पहिलो बालपत्रिका नवकोपिलाको पुन: लोकार्पण गरिएको छ । आइतबार एक औपचारिक कार्यक्रमकाबीच हेटौंडा-५ स्थित रिलायन्स इङ्लिश सेकेण्डरी बोर्डिङ स्कुलको कक्षा १० मा अध्ययनरत् युनिषा बर्तौला प्रधानसम्पादक रहेको पत्रिकाको पुन:प्रकाशन एवम् लोकार्पण गरिएको हो ।

विद्यार्थीको सिर्जनशीलतालाई प्रोत्साहित गर्ने कार्यमा पत्रिका महत्वपूर्ण हुने विद्यालयका संस्थापक प्राचार्य केशवलाल श्रेष्ठले बताए । उनले शिक्षालाई केवल पाठ्यपुस्तक र परीक्षामा मात्र सीमित नगराई विद्यार्थीको सिर्जनात्मकता, लेखन, साहित्य र अभिव्यक्तिका विभिन्न माध्यममार्फत् प्रतिभा विकास गर्न प्रेरित गर्नुपर्नेमा जोड दिए । पत्रिकामार्फत् विद्यार्थीलाई केवल पढाइमा मात्र नभई व्यवस्थापन, नेतृत्व र टोलीमा काम गर्ने सीप सिक्न अवसर दिएको विद्यालयका प्राचार्य दिनेशकुमार सुवेदीले बताए ।

पत्रिकालाई निरन्तरता दिने र विद्यार्थीको सिर्जनशीलतालाई नियमितरुपमा प्रकाशित गर्ने योजना विद्यालयको रहेको उनको भनाई छ । पत्रिकामा विद्यार्थीले लेखेका लेख, कविता, निबन्ध, संस्मरण, कथा, चित्रकला लगायत विविध रचना समावेश गरिने प्रधानसम्पादक बर्तौलाले बताइन् । त्यसैगरी पत्रिकाको लागि आवश्यक विभिन्न समितिहरु लेख तथा सिर्जना संकलन समिति, विज्ञापन समिति र बिक्री वितरण समिति गठन गरिएको छ । नेपालकै पहिलो बालपत्रिकाको रुपमा २०५४ सालमा रिलायन्स इङलिश सेकेण्डरी बोर्डिङ स्कुलको प्रकाशन एवम् साहित्यकार निमेश निखिलको सम्पादनमा सुरु भएको थियो ।

विविध कारणले २९ वर्षको अवधिमा १३ अंक भन्दा बढी पत्रिका प्रकाशित हुन सकेको थिएन । पुन: बोर्डिङका संस्थापक प्राचार्य श्रेष्ठको प्रमुख संरक्षकत्व एवम् सबिना ओझा र ईश्वर रानाको संरक्षकत्वमा बालपत्रिका पुन:प्रकाशन गरिएको हो ।

# मतदाता नामावली संकलनका लागि आयोगले गऱ्यो कानुन संशोधनको प्रस्ताव



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ निर्वाचन आयोगले मतदाता नामावली संकलन खोल्न कानुन संशोधनका लागि सरकारलाई प्रस्ताव गरेको छ ।

आयोग पदाधिकारीको आइतबारको बैठकले मतदाता नामावली ऐन संशोधनका लागि गृह मन्त्रालयमा प्रस्ताव पठाएको छ । मन्त्रिपरिषद्को बैठकले यो ऐनलाई अध्यादेशमार्फत् संशोधन गर्ने सम्भावना छ । निर्वाचन आयोग सूचना अधिकार सुमन घिमिरेका अनुसार मतदाता नामावली ऐनको दफा ४ को संशोधन गर्न लागिएको हो । जसअनुसार अब आयोगले चाहेको अवस्थामा मतदाता नामावली खोलाउने सक्ने छ भन्ने प्रावधान राखिने छ । विद्यमान ऐनमा चुनावको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन गर्न नमिल्ने व्यवस्था छ ।

यो व्यवस्थाअनुसार अब मतदाता नामावली संकलन गर्न मिल्दैनथ्यो । १८ वर्ष उमेर पुगेका धेरै युवाको नाम छुट्ने भएकाले अहिले पुन मतदाता नामावली संकलन गर्नुपर्ने दबाब थियो । त्यसका लागि सहजीकरण गर्नका लागि नामावली संकलन गर्न लागिएको हो । विदेशमा रहेका नेपालीलाई पनि मतदानमा संलग्न गराउने बारे पनि अहिले बहस सुरु भएको छ । तर उनीहरुलाई कसरी कुन विधिबाट समावेश गर्ने भन्नेबारे आयोगले विज्ञहरुसँग छलफल थालेको छ ।

# सार्वजनिक बिदापछि हेटौंडा अस्पतालमा बिरामीको थेगिनसक्नु चाप



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ लगातारको सार्वजनिक बिदापछि आइतबार हेटौंडा अस्पतालमा बिरामीको चाप थेगिनसक्नु थियो ।

शुक्रबार र शनिबार अस्पताल बन्द भएकाले आइतबार एकाबिहानैदेखि बिरामीको लामो लाइन लागेको थियो । टिकट काउन्टरदेखि, रिपोर्टको शुल्क बुझाउने, नमूना संकलन गर्ने, रिपोर्ट लिने र औषधि वितरण गर्ने सबै क्षेत्रमा बिरामीको उल्लेख्य उपस्थिति देखिएको थियो । ज्येष्ठनागरिकको लागि छुट्टै लाइनको व्यवस्था गरिएको भए तापनि, उनीहरुको संख्या उल्लेख्य रहेकाले लाइन लामो देखिन्थ्यो । हेटौंडा अस्पतालमा सामान्य दिनमै पनि बिरामीको चाप हुने गर्छ । तर, लगातारको सार्वजनिक बिदाका कारण भएको चापले आइतबार अवस्था अझै फरक बनेको थियो ।

सीमित स्रोत र जनशक्तिमा सञ्चालित अस्पतालमा भीड व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण देखियो । अस्पतालमा बिरामीको चाप निकै धेरै भएपनि, अस्पताल प्रशासनले यसलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्न नसकेको देखिएको थियो । आवश्यक जनशक्ति परिचालन, अतिरिक्त काउन्टर सञ्चालन वा बिरामीको सहजताका लागि कुनै पनि विशेष व्यवस्था नगरिँदा सेवा लिन आएका बिरामी प्रत्यक्ष मारमा परेका छन् । अव्यवस्थित लाइनले गर्दा बिरामीले सामान्य उपचारसेवा लिनका लागि पनि घण्टौं कुर्नुपर्ने बाध्यता रहेको थियो ।

निर्माण व्यवसायी संघ मकवानपुर

दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना !

प्रकाशित मिति २०८२/०६/०५

निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जिल्ला मकवानपुर हे. उ.म.न.पा. ४ नं. वडा स्थित कित्ता नं. ३३४८ र ३२५९ को जम्मा ०-०-१८ धुर जग्गामा २ तल्लाको बहुउद्देश्यीय भवन निर्माण गर्नको लागि मिति २०८२/०५/२९ गतेको भवन निर्माण सम्बन्धित ज्यालादररेटको सूचना अनुसार नियमानुसार दर्ता भएको दरभाउपत्र मिति २०८२/०६/०२ गते कार्य समितिको बैठकबाट खोलि पर्न आएको दरभाउपत्रहरुमध्ये प्रभावग्राहीहरु मध्यबाट सबै भन्दा कमदररेटमा श्री जे. आर. ए. निर्माण कम्पनी प्रा.लि, काठमाडौंले पेश गरेको दररेट एभरेजमा प्रति Sq.ft रु. ४९५ (चार सय पन्चानब्बे रुपैयाँ) मात्र को दरभाउ पत्र सबै भन्दा कम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले यो दरभाउपत्र स्वीकृत सम्बन्धीत आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना